स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
## कृषि विकास शाखा
हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८१/८२

सूचना नं.: १३ (कृषि विकास शाखा)

स्थानीय सरकार हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा हेलम्बु, सिन्धुपाल्चोक बागमती प्रदेश,नेपाल

## राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको लागि प्रस्तावना आव्हान सम्बन्धी सूचना।

(सूचना प्रकाशन मितिः २०८१।१२।०४ गते)

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत "अति विपन्न तथा पछाडी परेका समुदायका महिलाहरु र कोभिड-१९ बाट प्रभावित समेतको लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम" सञ्चालनको लागि **दर्ता भएका संस्था/सहकारीहरुले** जीविकोपार्जन सुधार कार्यक्रमका लागि कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिका कृषि विकास शाखामा प्रस्ताव पेश गर्नु सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**प्रस्तावनामा संलग्न हुनुपर्ने विवरणहरुः**

१. संस्थाको विधान, परिचय, उद्देश्य, कार्यक्रम संचालन प्रक्रिया तथा वित्तिय स्रोत सम्बन्धी विवरण।

२. प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण।

३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. अघिल्लो आर्थिक वर्षको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

५. अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन।

६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहित यथार्थ विवरण।

७. कालो सूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा।

८. प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नुपर्नेछ।

नोटः राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धि मापदण्ड, २०७७ बमोजिम हुनेछ।

..................

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत